गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**वर्षः ३ | अंकः २६ | महिनाः २६ | फागुन २०८१**

## सन्दर्भः अन्तराष्ट्रिय नारी दिवस

## संघर्ष र सपनाः स्वास्थ्य सेवामा मेरो पाइला



म नसरिन खातुन २०५८/११/0४ मा आफ्ना आमाबाबाको तेश्री छोरीको रूपमा मेरो जन्म रौतहट जिल्ला स्नाथ नगरपालिका वडा नम्बर ३ मा भएको थियो। १५ जना सदस्य भएको संयुक्त परिवारमा जन्मिएर हुर्किएकी म मेरो गाउँको अल्पसंख्यक समुदायमा पर्दछु।म हुर्किंदा मेरो गाउँका, अझ भनौं, मेरो समुदायका कुनै पनि छोरी मान्छेले कक्षा १० भन्दा अगाडिको पढाइ गरेका थिएनन्। छोरी मान्छेले पनि पढ्नु पर्छ भन्ने सम्म चेतना पुगेको मेरो गाउँमा छोरी मान्छे सक्षम भएर घर बाहिर निस्केर आफै गरी खान सक्ने हुनुपर्छ भन्ने सम्मको चेतना भने पुगेको थिएन। त्यसैले मेरो गाउँका मसँगैका धेरै महिलाको पढाइ कक्षा १० मै गएर अन्त्य भयो। सायद म भाग्यमानी भएकोले होला एक अल्पसंख्यक समुदायमा परेता पनि म एक शिक्षित घरमा जन्मिएकी थिएँ। त्यसैले मलाई सानैदेखि पढाइमा कुनै पनि रोकतोक भएन। आफ्नो बाबाले जनस्वास्थ्य अधिकृतको रुपमा स्वास्थ्य क्षेत्रमा काम गरेर समाजलाई योगदान दिनुभएको देखेर हुर्किएकी मलाई पनि सानैदेखि स्वास्थ्य क्षेत्रमा नै काम गर्ने रहर थियो। सानैदेखि कसैले ठुली भएर के बन्छौ? भनेर सोध्दा मेरो जवाफ डाक्टर बन्छु भन्ने हुन्थ्यो। जब हुर्किंदै गए तब मलाई चिकित्सा भन्दा नर्सिङ क्षेत्र बढी आकर्षक लाग्यो। त्यसैले मैले गौर नर्सिंग इन्स्टिच्युटमा स्टाफ नर्स पढ्नको लागि भर्ना भए।पढाइमा कुनै पनि रोकटोक नगरेता पनि धेरै समयसम्म घर बाहिर निस्कन मलाई पारिवारिक एवं सामाजिक रुपमा कठिन थियो।पढाइको बेला पनि विभिन्न समयको ड्युटी गर्न म हरेकपटक परिवारको कोही न कोही सदस्य सँगै लिएर मात्र जाने आउने गर्दथे। पढाइ पश्चात् काम गर्ने समयमा भने मलाई मेरो परिवारबाट पूर्ण समर्थन भयो। मैले आफ्नो स्टाफ नर्सको पढाई सकिएपछि काम पनि गरे र त्यसका साथसाथै लोकसेवाको तयारी पनि गर्न थाले। यसरी आय आर्जन गरी आफ्नो खुट्टामा आफै उभिने सम्भवत म आफ्नो समुदायकै पहिलो महिला थिए होला।



लोकसेवाको तयारी गर्दागर्दै २०८१/०४/१९ मेरो विवाह बीरगञ्जमा भयो।मलाई भाग्यले फेरि एकपटक साथ दियो। मैले मेरो परिवारले जतिकै मलाई पढ्न तथा काम गर्नको लागि प्रेरणा दिने जीवन साथी एवं ससुरा बुवा पाएँ। २०८१ साल कार्तिकमा लोकसेवाको परीक्षामा म उत्तीर्ण भएपछि मेरो पोस्टिङ काठेखोला गाउँपालिकाको धम्जा स्वास्थ्य चौकीमा भयो। पहिलोपटक कठेखोला आउँदा मेरो बाबा, ससुराबुवा एवं मेरो श्रीमान् मसंगै आउनु भएको थियो। आफ्नो जीवनभरि तराईमा बसेकी.........................................



**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.ः** ०६८-५२२४०८

मलाई पहिलोपटक पहाडी क्षेत्रमा आउँदा एकदमै अनौठो महसुस भएको थियो। मैले पहिलोपटक आफ्नो घर छोडेको पनि यही बेला थियो। आफ्ना आमाबाबा तथा भर्खरै विवाह भएको घरपरिवार छोडेर टाढा बस्दा धेरै समय घरको एकदमै याद पनि आयो।तर यो सब हुँदाहुँदै पनि आफूले स्वास्थ्य क्षेत्रमा दिन सक्ने योगदान दिन्छु र नेपालीको जीवनस्तर उकास्छु भन्ने सोच राखेर म सेवामा अनवरत रुपमा खटिईरहे। आफूले सेवा दिने क्षेत्रका प्राय मानिसले मलाई चिन्ने गर्नुहुन्छ। मैले सेवा दिँदा एवं अन्य समयमा सधैं हिसाब लगाउने गर्दछु। एक अल्पसंख्यक एवं शिक्षा, चेतना तथा महिला सशक्तिकरणको हिसाबले पछाडि परेको समुदायको भएर पनि यहाँसम्म आएर सेवा दिँदा घरपरिवार समाज सबैतिरबाट सहयोग एवं सम्मान प्राप्त भएको छ। भर्खरै गएको नारी दिवसको सन्दर्भमा मैले जस्तै यात्रा तय गरेका सम्पूर्ण नारी लाई सम्मान व्यक्त गर्न चाहन्छु। साथै जीवनमा मैले जति अवसर नपाएर संकुचित रुपमा बसेका महिलालाई आफ्नो लक्ष्यलाई नबिर्सी सधैं अगाडि बढ्ने प्रेरणा मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

## एच. पि. भी. खोप कभरेज

नेपालमा महिलामा हुने क्यान्सरमध्ये दोस्रो प्रमुख क्यान्सरको रूपमा रहेको पाठेघरको मुखको क्यान्सरको रोकथामका लागि नेपाल सरकारले एच. पि. भी. खोप अभियान सञ्चालन गरी विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका किशोरी र विद्यालय नजाने १० देखि १४ वर्ष सम्म उमेरका किशोरीलाई एच. पि. भी. खोप प्रदान गरेको थियो।




बागलुङ जिल्लामा २०८१ माघ २२ गतेदेखि २८ गतेसम्म ६ वटा स्थानीय तह (बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, गलकोट नगरपालिका, बरेङ गाउँपालिका, काठेखोला गाउँपालिका र ताराखोला गाउँपालिका) र माघ २७ गतेदेखि फागुन ३ गतेसम्म चारवटा स्थानीय तहमा (ढोरपाटन नगरपालिका, बडीगाड गाउँपालिका, तमानखोला गाउँपालिका र निसिखोला गाउँपालिका) सञ्चालन भएको एच. पि. भी. खोप अभियानमा बागलुङ जिल्लाले ९८% खोप कभरेज हासिल गर्न सफल भएको छ। उक्त खोप अभियानमा विद्यालयमा अध्ययनरत ११,०६२ जना किशोरीहरूलाई एच. पि. भी. खोप प्रदान गरिएको थियो भने विद्यालय बाहिरका ११५जना किशोरीलाई यो खोप प्रदान गरिएको थियो। बागलुङ जिल्लामा कुल ११,१७७ किशोरीलाई यस एच. पि. भी. खोप प्रदान गरिएको छ।

नेपालमा हरेक वर्ष २,१६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ र यसबाट हरेक वर्ष जना औसतमा प्रत्येक दिन ४ जना महिलाहरूको मृत्यु हुन्छ भन्ने अनुमान छ। नेपाल सरकारले सन् २०३० सम्म १० देखि १४ वर्ष उमेरभित्रका ९०% किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिने, ३० देखि ३९ वर्ष उमेर समूहका ९० प्रतिशत महिलाहरूको पाठेघरको मुखको क्यान्सरको परीक्षण गर्ने र पाठेघरको मुखको क्यान्सर निदान भएका ९०% महिलाहरूको उपचार गर्ने लक्ष्य लिएको छ।



**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा फागुन महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

### समुदाय स्तरीय पोषण सम्बद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना र बागलुङ नगरपालिका र गलकोट नगरपालिकाको समन्वयमा मुलपानी स्वास्थ्य चौकीमा मिति २०८१/१०/३० गते र बौर आधारभुत स्वास्थ्य सेवा केन्द्र गलकोटमा मिति २०८१/११/०१ गते समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया सम्पन्न भएको छ। १००० दिनका आमा, कृषक, सरोकारवाला परिवारका अविभावक र स्वास्थ्यकर्मी लगायत मुलपानी स्वास्थ्य चौकीमा ६० जना र गलकोटमा ३० जनाको उपस्थिति रहेको थियो र उक्त कार्यक्रममा पोषण, कुपोषण, माटो र पोषणको सम्बन्ध, कृषकको भुमिका लगायतको विषयमा छलफल गरिएको थियो । जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्मा सहजिकरण गर्नु भएको थियो ।

समुदाय स्तरीय पोषण सम्बन्धी पैरवी तथा अन्तरक्रियाले स्थानीय जनताको पोषण चेतना बढाउनुका साथै कुपोषण तथा गैर-संक्रामक रोगहरूको रोकथाममा मद्दत गर्छ। यसले समुदायलाई सशक्त बनाउँदै स्थानीय स्रोतसाधनको प्रभावकारी उपयोग, स्वस्थ आहारको प्रवर्द्धन, र नीति निर्माणमा योगदान पुर्याउँछ।









### न्युनतम सेवा मापदण्ड (MSS) सम्बन्धि समिक्षा कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा न्युनतम सेवा मापदण्ड सम्बन्धि मिति मिति २०८१/११/०४ मा जिल्लास्तरीय समिक्षा कार्यक्रम सम्पन्न भएको छ उद्घाटन सत्रमा कार्यक्रमको अध्यक्षता जनस्वास्थ्य कार्यालयका प्रमुख घनश्याम सापकोटा तथा सन्चालन देव प्रकाश घिमिरेले गर्नु भएको थियो।

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ्गद्वारा फागुन महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

उक्त समिक्षा कार्यक्रममा बागलुङ जिल्लाका दशवटा स्थानिय तहका स्वास्थ्य संयोजकले प्रस्तुतीकरण गर्नु भएको थियो। यस कार्यक्रममा गरिएको स्वास्थ्य संस्थाको मुल्यांकनले सुशासन,क्लिनिकल र सहयोग व्यवस्थापनमा बृद्दी भई जनतालाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न सजिलो साथै कर्मचारिको जिम्मेवारीपनको बोधले स्वास्थ्य सेवा प्रदान र व्यबस्थापनमा सजिलो हुनेछ ।








## नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम

प्रदेश जनस्वनस्थ्य कार्यालय बागलुङको आयोजना तथा धौलागिरि प्रादेशिक अस्पताल बागलुङ र बागलुङ नगरपालिकाको प्राबिधिक सहयोगमा राष्ट्रिय प्रजातन्त्र दिवस २०८१को अवसरमा नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा सहभागीको रक्तचाप, बि. एम. आइ. एवं मधुमेहको जांच गरिएको थियो।





# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ्गद्वारा फागुन महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक





## नवजात शिशु तथा बालरोगको एकिकृत व्यबस्थापन सम्बन्धि तालिम

प्रदेश जनस्वनस्थ्य कार्यालय बागलुङको आयोजनामा स्वास्थ्यकर्मिहरुका लागि नवजात शिशु तथा बालरगको एकिकृत व्यबस्थापन (IMNCI) ६ दिने तालिम कार्यक्रम सम्पन्न गरिएको छ। तालिममा प्रदेश अस्पताल वेनीका बालरोग बिशेषज्ञ डा. कुशल बराल, गलकोट नगपालिका बागलुङका जनस्वास्थ्य अधिकृत शुशिल पौडेल, ढोरपाटन नगरपालिकाका जनस्वास्थ्य अधिकृत भुमिस्वर शर्मा, धौलागिरि प्रादेशिक अस्पतालका नर्सिङ अस्पताल अधिकृत देवि भट्टराई, अजिता सिवाल, मिलन बरुवाल तथा जनस्वास्थ्य कार्यालय बागलुङका देब प्रकाश घिमिरेले सहजिकरण गर्नु भएको कार्यक्रममा बागलुङ जिल्ला अन्तरगतका २९ जना स्वास्थ्यकर्मि सहभागि भएका थिए ।उक्त तालिम पश्चात नव शिशु तथा बालरोगको मृत्यु दर कम गर्नमा सहयोग पुग्ने छ भन्ने कुरामा विश्वास गरिएको छ ।










# *प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ्गद्वारा फागुन महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक*





## नसर्ने रोगको स्क्रिनिङ

प्रदेश जनस्वास्थ्य कार्यलय बागलुङको आयोजना तथा काठेखोला गाउँपालिकाको समन्वयमा "सर्वसुलभ स्वास्थ्य सेवा, निरोगी नेपालः हाम्रो प्रतिबद्धता" भन्ने नाराका साथ २०८१/११/१५ गते राष्ट्रिय स्वास्थ्य सेवा दिवस २०८१ काठेखोला गाउँपालिका वडा नं.५ बिहुँ आधारभुत स्वास्थ्य सेवा केन्द्रमा नसर्नेरोगको स्क्रिनिङमा ११४ जनाले सेवा लिनु भएको थियो। उक्त कार्यक्रममा काठेखोला गाउँपालिका वडा अध्यक्ष ज्ञाम नाथ कंडेल ज्यूको अध्यक्षतामा, काठेखोला गाउँपालिकाका उपाध्यक्ष तेज बहादुर थापाको प्रमुख अतिथि प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख घनश्याम सापकोटा, काठेखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चुर्ण बहादुर कार्की,लगाएत काठेखोला गाउँपालिकाका जनप्रतिनिधि, प्रदेश जनस्वास्थ कार्यालयका कर्मचारी, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयम सेवीहरूको उपस्थिति रहेको थियो। यस कार्यक्रममा नसर्ने रोगहरूको परिक्षणमा मधुमेह, उच्च रक्तचाप, शारिरीक तौल र उचाईको अनुपात लगायत नसर्ने रोगहरूको जोखिमको अवस्था परिक्षण गरीएको थियो। यस कार्यक्रमको सञ्चालन काठेखोला गाउँपालिकाका स्वास्थ्य संयोजक सोमराज पाण्डेयले गर्नु भएको थियो।






# प्रदेश जनस्वास्थ्य कार्यालय बागलङ्गद्वारा फागुन महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक





## खानेपानी आयोजनाको शुद्धता परिक्षण

काठेखोला गाउपालिकाको वार्षिक कार्यक्रम अनुसार ४७ वटा खानेपानी आयोजनाको खानेपानी शुद्धता परिक्षण गरिएको छ। ४७ मध्ये २६ वटा आयोजनाको पानीको परिक्षण गर्दा कोलिफर्म भेटिएको हुँदा सुझाव सहितको प्रतिवेदन गाउँपालिकामा पेश गरिएको छ। खानेपानीको शुद्धताको परिक्षण प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका ल्याब टेक्निसियन अधिकृत डिल्ली प्रसाद आचार्यद्वारा गरिएको थियो।





# बागलुङ जिल्लाका स्थानीय तहद्वारा फागुन महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## बागलुङ नगरपालिका

- प्रजनन रुग्णता सिविर ।
- जेष्ठ नागरिक घर दैलो स्वास्थ्य शिविर ।
- नसर्ने रोगको स्क्रिनिङ शिविर ।
- सर्वसुलभ स्वास्थ्य सेवा निरोगी नेपाल हाम्रो प्रतिबद्धता भन्ने मूल नाराका साथ राष्ट्रिय स्वास्थ्य सेवा दिवस ।
- फेब्रुअरी महिना आयोडिन महिना विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम।
- पूर्ण खोपको दिगोपना तथा सुनिश्चितताका लागि स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण कार्यक्रम ।
- बागलुङ नगरपालिकाको बजार क्षेत्रलाई लक्षित गरी ४१ जना स्वास्थ्यकर्मीहरू परिचालन गरी पूर्णखोपको लागि घरधुरी सर्वेक्षण कार्य सम्पन्न।

## जैमिनी नगरपालिका

- ०८१ माघ महिनाको मासिक समिक्षा।
- ३० बर्ष भन्दा माथिका नागरीकको नसर्ने रोगको स्किनिङ , उपचार सल्लाहा र प्रेषण।
- पालिकाका सबै वडाको टोलटोलमा गई स्वास्थ्यकर्मी बाट नागरिकको स्वास्थ्य परीक्षण र उपचार।
- पालिका स्तरिय पोषण तथा खाद्य निर्देसक समितिको बैठक तथा पोषण कार्यक्रमको समिक्षा ।
- बिद्यालयका विद्यार्थीहरुको लागि आँखा र दात सम्बन्धि स्क्रिनिङ तथा उपचार सिविर संचालन ।
- फेब्रुअरी महिना लाई आयोडिन महिनाको रुपमा संचालन गर्न बिद्यालय स्वास्थ्य शिक्षा संचालन।
- पूर्णखोप सुनिश्चितताको लागि वडाहरुमा घरधुरी सर्वेक्षण।

## बडिगाड गाउँपालिका

- नसर्ने रेगको पहिचानको लागी ३० वर्ष माथी उमेर समुहहरुमा नसर्ने रोगको Screaming कार्यक्रम संचालन।
- आयोडिन महिनाको अवसरमा आयोडिन विशेष विधालय स्वास्थ्य शिक्षा संचालन ।
- एकिकृत जनस्वास्थ्य अभियान वडा न २,५,६,९ र १० मा संचालन ।
- स्वास्थ्य संस्थास्तरिय मासिक समिक्षा बैठक।
- क्षयरोगको खोजपडताल कार्यक्रम संचालन।

## गल्कोट नगरपालिका

- आयोडिन महिनाको अवसरमा आयोडिन बिशेशबिद्यालय स्तरीय हजिरी जवाफ कार्यक्रम सम्पन्न।
- नसर्ने रोगको पहिचानका लागि एक महिने अभियानको अवसरमा नसर्ने रोगको स्क्रिनिङकार्यक्रम सम्पन्न।
- क्षयरोग नियन्त्रण कार्यक्रमको अर्धवार्षिक समीक्षा गोष्ठी तथा कोहोर्ट विश्लेषण साथै, परिवार योजना सम्बन्धी सूक्ष्म योजना कार्यक्रम सम्पन्न।
- स्वास्थ्य संस्थाको न्युनतम सेवा मापडण्ड(MSS ) मुल्याङ्कनमा कार्यक्रम सम्पन्न।
- नियमित खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चितता दिगोपनाका लागि योजना अधावधिक सम्बन्धी तालिम।
- गलकोट नगरपालिका अन्तरगतका स्वास्थ्यसंस्थाहरुको डाटा भेरिफिकेसन कार्यक्रम संचालन।

## ढोरपाटन नगरपालिका

- मासिक बैठक तथा डाटा भेरिफिकेसन कार्यक्रम ।
- समुदाय स्तरमा पोषण लेखाजोखा कार्यक्रम ।
- पालिका स्तरिय खोप समन्वय समितिहरुलाइ पुर्णखोप तथा दिगोपना सम्बन्धी अभिमुखिकरण कार्यक्रम ।
- नसर्ने रोगको एकीकृत स्वास्थ्य परिक्षण तथा क्षयरोग खोजपडताल कार्यक्रम ।
- बोबाङ बृहत् सरसफाइ कार्यक्रम ।
- अधिकारिचौर स्वास्थ चौकिको न्युनतम सेवा मापदण्ड फ्लो अप ।
- ग्रामिण भिडियो एक्सरे सेवा ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बिधालय पोषण तथा महिनावारी स्वस्चछता सम्बन्धी स्वास्थ्य शिक्षा ।

## काठेखोला गाउँपालिका

- स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा कार्यक्रम सम्पन्न ।
- प्रजनन रुंगणता सम्बन्धी पाला र भीमापोखरा स्वास्थ्य चौकीमा महिलाहरुको पाठेघरको मुखको निःशुल्क जाँच (VIA) शिविर संचालन गरिएको ।
- राष्ट्रिय स्वास्थ्य सेवा दिवस २०८१ को अवसरमा बिहुँ आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं ५ मा नसर्ने रोगको पहिचान/स्क्रिनिङ जाँच शिविर संचालन गरिएको सेवाग्राही (संख्या ११४ जना)।




- RUSG कार्यक्रम संचालन गरिएको।
- फागुन महिनालाई नसर्ने रोगहरु पहिचानका लागि एक महिने अभियान संचालन गर्ने कार्यक्रम अनुरुप सबै वडाहरुमा ३० वर्ष माथि उमेर समूहका नागरीकहरुका लागि नसर्ने रोगको स्क्रिनिङ शिविर संचालन गरि स्वास्थ्य परीक्षण साथै उपचार सल्लाह प्रेषण सेवा प्रदान।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत मानसिक स्वास्थ्य, लागूऔषध सेवन तथा स्वास्थ्य शिक्षा साथै स्वास्थ्य परीक्षण र विद्यार्थीहरुको रक्त समूह परिक्षण कार्यक्रम संचालन गरीएको ।
- क्षयरोग मुक्त पालिका कार्यक्रमको वडा स्तरीय समन्वय समिति गठन तथा सुक्ष्मयोजना कार्यक्रम वडा नं ३, ६ र ७ मा सम्पन्न गरीएको ।
- गाउँपालिका भरीका ४७ वटा खानेपानीका मुहानको गुणस्तर परीक्षण गरिएको ।
- फेब्रुअरी महिना आयोडिन महिना विविध कार्यक्रमका साथ संचालन गरीएको ।
- आमा समुह बैठक संचालन तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक बैठक सम्पन्न।

## निशिखोला गाउँपालिका

- नियमित मासिक बैंकक ।
- पुर्ण खोप सुनिश्चितता तथा दिगोपनाका लागि पालिका,वडा स्तरीय खोप समन्वय समितिको अभिमुखिकरण ।
- बृहत बिशेषज्ञ निशुल्क स्वास्थ्य शिविर ।
- नसर्ने रोगको स्क्रिनिङ क्याम्प सन्चालन ।
- आयोडिन महिना विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।
- प्रसुती प्रतिक्षाघर निर्माण ।

## बरेङ गाउँपालिका

- समुदायमा नसर्ने रोगको अवस्था पत्ता लगाउन साग्दी सामुदायिक स्वास्थ्य इकाईमा ९६ र गँडेल सामुदायिक स्वास्थ्य इकाईमा ५५ जनाको रक्त नमुना संकलन तथा BMI गणना ।
- सल्यान र धुल्लुबाँस्कोट स्वास्थ्यचौकी तथा सम्बन्धित सामुदायिक स्वास्थ्य इकाई द्वारा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन।
- प्रजनन रुग्णता स्वास्थ्य सेवा अन्तर्गत धुल्लुबाँस्कोट स्वास्थ्यचौकीमा १९ जना र हुग्दिशिर सामुदायिक स्वास्थ्य इकाईमा ४१ जनाको VIA परिक्षण ।
- प्रदेश जनस्वास्थ्य कार्यालय सङ्गको सहकार्यमा हुग्दिशिर स्वास्थ्यचौकीमा ४१ जना र हुग्दिशिर सामुदायिक स्वास्थ्य

## तमानखोला गाउँपालिका

- स्वास्थ संस्थाहरूबाट माघ महिनामा सम्पादित कार्यक्रमहरुको ।
- स्वास्थ्य संस्थाहरू मार्फत आयोडिन महिना मनाईएको।
- स्वास्थ्य संस्थाहरू मार्फत पोषिलो जाउलो प्रदशन कार्यक्रम।
- स्वास्थ्य संस्था मार्फत नसर्ने रोगको स्क्रिनिङ।

## ताराखोला गाउँपालिका

- पाठेघर तथा आङ खसेका (Pelvic Organ Prolapse) महिलाअरुको लागि निःशुल्क Screening शिविर।
- महिलाको पाठघरको मुखको क्यान्सर र स्तन क्यान्सरको परिक्षण र परामर्श कार्यक्रम सम्पन्न।
- स्वास्थ्य शिक्षा, अन्तर्क्रिया कार्यक्रम गरी आयोडिन महिना मनाइएको।
- पूर्ण खोप कार्यक्रमका लागि घरधुरी सर्वेक्षण कार्यक्रम सञ्चालन।
- नसर्ने रोग पहिचान तथा सचेतना कार्यक्रम सञ्चालन।
- PNC घरभेट कार्यक्रम।
- वृद्धि अनुगमन गरिएको।



**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८

इकाईमा ५८ जना ५ बर्ष मुनीका बालबालिका हरुको पोषण लेखाजोखा कार्यक्रम सम्पन्न ।

- बाटाकाचौर स्वास्थ्यचौकीमा बृहत बिशेषज्ञ स्वास्थ्य शिविर आयोजना गरि ६०८ जना बिरामीहरुलाइ स्वास्थ्य सेवा प्रदान।
- धुल्लुबाँस्कोट, बाटाकाचौर र हुग्दिशिर स्वास्थ्यचौकी द्वारा आयोडिन सचेतना सम्बन्धि स्वास्थ्य शिक्षा कार्यक्रम ।
- हुग्दिशिर स्वास्थ्यचौकीमा पालिका स्तरीय घुम्ती मासिक बैठक तथा सिकाइ आदानप्रदान कार्यक्रम ।
- सबै स्वास्थ्यचौकी द्वारा सुनौलो १००० दिनका आमा तथा बच्चाहरुको पोषण लेखाजोखा कार्यक्रम ।
- हुग्दिशिर स्वास्थ्यचौकी द्वारा इलाका प्रहरी कार्यालय बरेङमा कार्यरत प्रहरीहरुलाइ प्रार्थमिक उपचार सम्बन्धि स्वास्थ्य शिक्षा प्रदान ।
- २८ औं स्वास्थ्य सेवा दिवसको सन्दर्भमा हुग्दिशिर स्वास्थ्यचौकी अन्तर्गत सुदाला गाउँघर क्लिनिकमा समुदाय स्वास्थ्य शिक्षा ।
- धुल्लुबाँस्कोट स्वास्थ्यचौकी अन्तर्गतको आमा समूह द्वारा गर्भवती महिलालाई पोसिलो नाङ्गलो वितरण।




***बागलुङ जिल्लाका विभिन्न स्थानीय तहद्वारा फागुन महिनालाई नसर्ने रोग विरुद्धको १ महिने अभियानको रुपमा लिई गरिएका विभिन्न कार्यक्रमका झलकहरु***

***नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा नसर्ने रोगहरूको पहिचानका लागि फागुन २०८१ लाई लक्षित गरी सञ्चालन गरिरहेको एक महिने अभियान "समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं" भन्ने नाराका साथ विभिन्न स्थानीय तहद्वारा गरिएका कार्यक्रमहरुको केहि झलक***









CHICAGO
BULLS


















**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८


USAID


COMMANDO




E




Sinocare
10 14 18:29
262
mg/dL